परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २४ २०८१ पौष २० आईतवार Sunday 2, FEB 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## रकमको प्रलोभनमा बैंक खाता भारतीयलाई सञ्चालन गर्न दिनेहरू प्रहरीको फन्दामा

विराटनगर। सानो रकमका प्रलोभनमा नेपाली नागरिकले बैकमा खाता खोली सो खाता भारतीय नागरिकलाई सञ्चालन गर्द दिनेहरु प्रहरीको फन्दामा परेका छन्। भारतीय नागरिक हरुले नेपाली नागरिकको खाता प्रयोग गरी नेपालीहरुकै लाखौ रकम ठगी गरेको रहस्य खुलेको छ।

ठगी धन्धामा संलग्न भारतीय नागरिकहरुसंगै सानो रकमका प्रलोभनमा बैक खाता प्रयोग गर्न दिने नेपाली नागरिकहरु पनि प्रहरीको भन्दामा परेका छन्। सामाजिक सञ्जालको प्रयोग गरी अमेरीका, यूरोप, क्यानाडा जस्ता मुलुकमा रोजगारीको लागि पठाई दिने विज्ञापन देखाएर अनलाईन ठगी गर्ने गिरोहले सर्वसधारण नेपाली देखि जान्ने बुझ्ने सम्मकालाई बैकमा खाता खोल्न लगाइ ठगी गरेको रकम ती खातामा हाल्न लगाई सो खातावाट अन्यत्र रकम ट्रान्सफर गरी ठगी गरको रहस्य खुलेको छ। बैकमा खाता खोली दिए वात २ हाजार देखि ५ हजार सम्म नेपालीले रकम मात्र पाउने गरको छ।



उक्त कार्यमा संलग्न रहको आरोपमा भारत अररिया जिल्ला जोगवनी ग्राम पंचायत वार्ड नं. ३ बस्ने नरेश यादबको छोरा अं. बर्ष २३ को केशव यादब र खाता सञ्चालन गर्ने चार नेपालीहरु अहिले प्रहरीको फन्दामा परेका छन्। यादवले थोरै रकम दिएर खाता संचालन गर्न लगाएका मोरङ कटहरी गाँउपालिका वडा नं. ३ बस्ने सजनलाल पासवानको छोरा बर्ष अ. २२ को रोहित कुमार पासवान, जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ८ बस्ने गोपाल रायको छोरा बर्ष अ. २३ को करण भन्ने अमीत राय, जिल्ला मोरङ कटहरी गाँउपालिका वडा नं. ३ बस्ने लक्ष्मी मलाहको छोरा बर्ष अ. ३० को बुद्धनारायण मलाह, जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं.- ५ बस्ने चन्द्र प्रसाद राजबंशीको छोरा बर्ष २५ को बोधराज राजँवशीलाई प्रहरीले पक्राउ गरको छन।

जिल्ला प्रहरी कार्यालय मोरंगका अनुसार जिल्ला मोरङ बिराटनगर महानगर पालिका वडा नं ११ बस्ने महेश कुमार चौधरी र चौधरीले सामाजिक सञ्जालमा आएको वैदेशिक रोजगारीको विज्ञापन देखेर पटकपटक रकम पठाएका थिए। उनीहरुले पटकपटक गरी ६६ लाख ६७ हजार रुपियाँ तिरेपछि पनि विदेश नपाठाए पछि ठगिएको हुन सक्ने अनुमान गरी जिल्ला प्रहरी कार्यालय मोरंगमा लिखित निवेदन दिएपछि सोही निवेदनको आधारमा उनीहरु लाई पक्राउ गरका छन्।

सामाजिक सञ्जाल मार्फत अनलाईन ठगी गर्न प्रवृति बढेको वेला एकै परिवारवाट यतिका रकम ठगी भएपछि सक्षम अनुसन्धान गरी उनीहरुलाई खोजतलास गरी पक्राउ गर्न सफल भएको प्रहरी

वांकी अन्तिम पेजमा...

## कमरेड हिंजो र आजको लोकार्पणमा १२ सम्मानित

**भोजराज घिमिरे**

विराटनगर। एमाले नेता तथा लेखक जीवन घिमिरे द्वारा लिखित पुस्तक "कमरेड हिजो र आज" को विराटनगरमा भव्य रुपमा लोकार्पण गरिएको छ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पुस्तक सार्वजनिक गर्दै यसले विगत को इतिहास सम्झाउने र भोलिका कार्यहरूको मार्गचित्र प्रस्तुत गर्ने भन्दै नेपालको लोकतान्त्रिक आन्दोलनमा झापा, मोरङ, र सुनसरीका नागरिकहरूको महत्वपूर्ण योगदान यो पुस्तक अध्ययनले राजनीतिक आन्दोलनको स्पष्ट चित्रण गर्ने बताए।

प्रगतिशील लेखक संघ मोरङको आयोजनामा भएको कार्यक्रममा पुस्तकमा उल्लेखित १२ जना प्रमुख पात्रहरूलाई सम्मान गरिएको छ। सम्मानित व्यक्तित्वहरू मध्ये नेकपा एमालेकी उपाध्यक्ष एवं पूर्व मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य प्रमुख रहिन्। उपाध्यक्ष शाक्यले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन इतिहासको भूमिका अपरिहार्य रहेको बताइन्।

त्यसैगरी अन्य सम्मानित हुनेहरुमा पुस्तकका मुख्य पात्रहरू चन्द्र भण्डारी, निर्मला कोइराला, प्रा.डा. रमेशप्रसाद भट्टराई, विमला दाहाल घिमिरे, माधवी रिमाल, रामप्रसाद देवकोटा, हर्क चुम्बे, स्व. रमाप्रसाद रिजाल, कुमार निरौला, लक्ष्मीप्रसाद उप्रेती, राधादेवी कामत, नारायण प्रसाद आचार्य, तारानाथ घिमिरे र मोहनकुमारी घिमिरे रहेका थिए।

लेखक तथा नेकपा एमाले केन्द्रीय सदस्य जीवन घिमिरेका अनुसार पुस्तकमा वि.सं २०३६ देखि २०४६ सम्मको प्रजातान्त्रिक आन्दोलनलाई समेटिएको छ। झापा, मोरङ, र सुनसरीका चार सयभन्दा बढी पात्रहरूको योगदान उल्लेख गरिएको पुस्तक अनुसन्धानकर्ताहरूका लागि महत्वपूर्ण श्रोत बन्ने उनको विश्वास छ।

यस पुस्तकले नेपालको

वांकी अन्तिम पेजमा...

## विराट एक्स्पोमा यूवाहरूलाई स्टार्टअप सम्बन्धी ज्ञान र सिप प्रदान

विराटनगर। अर्थतन्त्र तथा उद्यम प्रवर्तनको उद्देश्य सहित उद्योग संगठन मोरंगद्धारा आयोजना गरिएको आठौ संस्करणको विराट एक्स्पो २०२५ मा स्टार्टअप एण्ड ह्याकाथन पेवेलियनमा स्टार्टअप सम्बन्धी यूवाहरुलाई आबश्यक सिप प्रदान गर्दै आएको छ।

उद्यम गर्न चाहने युवा लक्षित कार्यक्रम अन्तर्गत उक्त पेवेलियन राखिएको उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले जानकारी गराए। नेपालमै बसेर उद्योग व्यापार व्यवसाय गर्न चाहने तर त्यसका लागि आवश्यक पर्ने सिप, तालिम र आर्थिक स्रोतको ज्ञान नभएकाहरूलाई पेवेलियनमा आबश्यक ज्ञान प्रदान गरि रहको छ।

पेवेलियनकी मुख्य संयोजक समेत रहनु भएकी दशिता सुरानाले स्टार्टअपका लागि मुख्यतया आयात र निर्यातमा आर्कषण रहेको बताईन। पेवेलियनमा एग्रो, आइ-टि सेक्टरमा समेत युवाहरुको चासो रहेको उहाँको भनाई छ।

त्यसैगरी एक्स्पोमा आठ सय जना भन्दा वढीले शिपमुलक तालिम लिइसकेको कोशी रोजगार पवेलियनका प्रमुख संयोजक आजित चापागाईले वताए। पेवेलियनमा तीन फरक शिपमुलक तालिम दिइदै आएको छ। पेवेलियनमा कफि मेकिङ्ग, मोटर वाइन्डिङ्ग र सिसिटिभि जडानको तालिम प्रदान गर्दै आएका छ।

एक्स्पो अवधी भर २५ सय बढिलाई रोजगारमुलक शिप सिकाउने लक्ष्य लिएको एक्स्पोका सञ्चार संयोजक नन्दकिशोर राठीले वताए। तालिममा सहभागि विद्यार्थी लाई प्रमाणपत्र प्रदान गर्दै देशबाट पलायन हुने युवा शक्तिलाई देशमै रोजगारी पाउने वातावरण सृजना गर्न आबश्यक रहेको राठीको भनाई छ।

विराट एक्स्पो नेपालकै सबभन्दा ठूलो औद्योगिक प्रदर्शनी विराटनगरको डिग्री क्यम्पसमा माघ १२ गते समुद्घाटन भई सुरु भएको थियो। उद्योग संगठन मोरङको आयोजनमा भएको एक्स्पोमा नेपाल, भारत, बंगलादेश र पाकिस्तान गरी ४ देशमा २ सय ६८ स्टलबाट औद्योगिक एवं व्यापारिक सामानको विक्री र प्रचार-प्रसार भइरहेको थियो। एक्स्पो आज समापन हुँदैछ।




### रकमको...

नायब उपरीक्षक वेदप्रकाश जोशीले वताए। भारतीय नागरिक यादव संगठित गिरोहका सद्रस्य हुन सक्ने प्रहरीको अनुमान छ। जोशीका अनुसार सर्वसधार जनमजदुरी गर्ने नेपाली नगरिकलाई समान्य रकम दिएर बैक खाता खोल्न लगाउँछन। सो खाता भारतीय नागरिकल नै प्रयोग गर्दछन।

प्रारम्भिक अनुसन्धान पश्चात पक्राउ परेका पाँच जना अभियुक्तहरुलाई थप अनुसन्धान गर्दा अभियुक्त मध्ये देश भारत अररिया जिल्ला जोगवनी ग्राम पंचायत वार्ड नं. ३ बस्ने नरेश यादबको छोरा अं. बर्ष २३ को केशव यादबले अन्य मानिसहरुलाई समेतलाई पैसाको प्रलोभन देखाई इसेवा, वाइलेट जस्ता खता खोल्न लगाई पासवर्ड र यूजर लिई आफै कारोवार गरको पाईको छ।

यस्ता किसिमको ठगीबाट गएको ६ महिना भित्र मोरंगमा दुई सय जना भन्दा बढी पीडित भईसकेका छन् भने उनीहरुवाट ७ करोड भन्दा बढी रकम ठगी भई सकेको जिल्ला प्रहरी कार्यालय मोरंगले जानकारी गराएको छ।

### कमरेड...

राजनीतिक आन्दोलन, लोकतन्त्र स्थापनाका संघर्ष, र अग्रजहरूको योगदान उजागर गर्ने लेखकको भनाइ छ। इतिहास तथा राजनीतिक आन्दोलनबारे अध्ययन गर्नेहरूका लागि “कमरेड हिजो र आज“ उपयोगी स्रोत बन्ने विश्वास गरिएको छ।

## कुटपीटबाट एक जनाको मृत्यु

झापा। झापाको कमल गाँउपालिका-७ का ३७ बर्षीय पुन्य प्रसाद बास्तोलालाई कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ।

माघ १७ गते बास्तोलाले सोही स्थानका ४५ बर्षीय देबलाल चौधरीलाई सामान्य बिवादका कारण लाठीले कुटपिट गर्दा घाईते भएका चौधरीको उपचारको क्रममा लाईफ लाईन अस्पताल दमकमा मृत्यु भएको थियो।

घटनामा संग्लन बास्तोलालाई माघ १८ गते इलाका प्रहरी कार्यालय दमकले नियन्त्रणमा लिई थप अनुसधान गरिरहेको छ।




# १०२ पटक रक्तदान गर्ने हरिमोहन श्रेष्ठ सम्मानित



विराटनगर। उन्नाइसौं राष्ट्रिय स्वयमसेवी रक्तदाता दिवसको अवसरमा १०२ पटक रक्तदान गरेका हरिमोहन श्रेष्ठ सम्मानित भएका छन्। मंगलबार उच्च अदालत विराटगर बार एसोसिएसनका अध्यक्ष विश्वराम भट्टराईले उनलाई सम्मान गरेका हुन्।

नेपाल स्वयमसेवी रक्त दाता समाज मोरङको आयोजनामा विराटनगर-७, देवकोटा चोकमा गरिएको कार्यक्रममा अध्यक्ष भट्टराईले मानव रगत अमूल्य रहेको बताउँदै एक सय भन्दा बढी पटक रक्तदान गर्ने श्रेष्ठको कार्यलाई पैशासँग तुलना गर्न नसकिने अमूल्य रहेको बताए।

अधिवक्ता विनयराज पाण्डेले आफू पनि स्वयमसेवी रक्तदाता भएको बताउँदै रक्तदान गर्दा छुट्टै आनन्द आउने बताए। सम्मानित श्रेष्ठले आफूले रक्तदान गर्दाको अनुभूति सुनाएका थिए।

सो अवसरमा अधिवक्ता राजकुमार राउत, समाजका अभियन्ता सुवोध निरौला, सन्तनु रेग्मी, शैलेश श्रेष्ठ लगायतले रक्तदानका बारेमा चर्चा गरेका थिए।

रक्तदानका बारेमा चनचेतना प्रशस्त भई रक्तदाता पनि कमी नभएको अवस्थामा रक्तसञ्चारको कार्य गर्दै आएको रेडक्रसका सञ्चालकहरुको अक्रमण्यता को कारण रगत आवश्यक भएका विरामीले रगत अभावको सास्ती भोग्नु परिरहेको उनीहरुको गुनासो थियो। प्रत्येक वर्ष माघ १५ गते राष्ट्रिय स्वयमसेवी रक्तदाता दिवस मनाइन्छ। समाजका केन्द्रीय अध्यक्ष प्रेमसागर कर्माचार्यले १८१ पटक रक्तदान गरिसकेका छन्।

## सामाजिक सञ्जालको सदुपयोग गरौं

सामाजिक सञ्चलका अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा सामाजिक सद्भाव खल्वल्याउन सक्छ।

- समाजिक सञ्जाललाई सकारात्मक विचार र प्रेरण फैलाउने माध्यमको रुपमा प्रयोग गरौं,
- अनावश्यक र नकारात्मक सामग्री पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्टफोनको अत्यधिक प्रयोगबाट बालबालिकालाई जोगाहाऔं,
- समाजिक सञ्जाललाई समाजिक सद्भाव सहिष्णुता, कायम गर्ने माध्यम बनाऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

# प्रदेश सरकारबाट अनुदान रकम न्याय हुने गरी प्रदान गर्ने : मन्त्री हाङ्गामा

विराटनगर। कोशी प्रदेशका उद्योग कृषि तथा सहकारी मन्त्री खगेनसिं हाङगामले दुध ब्यवसायीहरुका लागि प्रदेश सरकारबाट अनुदानमा न्याय हुनेगरी प्रदान गर्ने वताएका छन्।

विराटनगरमा सहज च्यालेन्ज फण्डले आयोजना गरेको सहज च्यालेन्ज फण्ड दोस्रो चरणको बिजेताहरु द्वारा विविध दुग्धजन्य उत्पादनहरुको प्रदर्शन र स्वाद परिक्षण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले सो कुरा बताएका थिए।

दूध उत्पादनको थलो देखि बजार सम्म पुर्याउन धेरै चुनौतीहरु रहेको बेला प्रदेश सरकारले यसका लागि सहजिकरण गर्ने मन्त्री हाङगामले प्रतिवद्धता जनाएका छन्। दूध र दुधबाट उत्पादन गर्ने बस्तु पनि ठाउँ अनुसार के उत्पादन गर्ने भन्ने कुरा प्रदेश सरकारले परिक्षण अभ्यास गरीरहेको मन्त्री हाङगामले दुध ब्यवसायीहरुलाई अश्वासन दिएको छ।

मन्त्री हाङगामले दुध ब्यवसायीहरुका लागि प्रदेश सरकारबाट अनुदानमा न्याय हुनेगरी प्रदेश सरकारले कार्य अगाडी बढाई सकेको जानकारी गराउँदै उहाँले भने दुध ब्यवसायीहरुलाई यसका लागि रणनीतिक कुराहरु के के हुनु पर्छ त्यो कुरामा बसेर छलफल गर्नु आवश्यक रहेको वताए।

भोलिको दिनमा क्वालिटी र क्वान्टिटिको कुरामा समेत ख्याल गर्नुपर्नेमा जोड दिदै प्रदेश सरकारले निजि क्षेत्रमा लगानी गर्नका लागि कुनै पनि कमी नराख्ने कार्यक्रममा प्रष्ट पारेका थिए।

कार्यक्रमको अध्यक्ष तथा कृषि मन्त्रालय सचिब शरण कुमार पाण्डेले किसान उद्योगहरुलाई ध्यनमा राखेर काम गर्नु पर्नेमा जोड दिएका थिए।

कार्यक्रममा गोरस डेरी, सुर्योदय मिल्क एण्ड बेभरेज प्रा. लि. रितिका डेरी उद्योग, र आधुनिक नेपाल डेरीलाई सहज च्यालेन्ज फण्ड दोस्रो चरणको बिजेता डेरीहरुले उत्पादन गरेको विभिन्न परिकारहरुको प्रस्तुती गरेका थिए।

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

मधुबाबु तिवारी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ७ को कार्यालय

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो। यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

### समाजिक संजाल नियमन विधेयक

नेपालमा नभई विश्वको नै ठूलो समस्या बनेको छ झुठो सूचना हो। एक प्रतिवेदनका अनुसार त्यस पछिका चुनौती जुलवायु परिवर्तन र परमाणु हतियारहरु रहेका छन्। इन्टरनेटमा आधारित सामाजिक सञ्जालहरू फेसबुक, टिटर, ह्वाट्सअप, टिकटक वा अरू कुनै पनि प्लेटफर्मका माध्यमबाट मिथ्या सूचना फैलिइ रहको छ। त्यसवाट मुलुकले ठूलो नोक्सानी समेत भोगी रहको छ। त्यसैलाई नियमन गर्न नेपालमा पनि सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन गर्ने सम्बन्धी विधेयक प्रतिनिधी सभामा दर्ता भएको छ। जसका सर्वत्त आलोचना भई हरेका छन्। उक्त विधेयक पारित भएमा सबै सामाजिक सञ्जाल नेपालमा दर्ता गराउँनु पर्ने अवस्था आउँछ।

विधेयक लागू भएपछि सामाजिक सञ्जालमा व्यक्त गरिने विचार, आलोचना, वा समाचारमाथि नियमन हुन सक्छ। यदि सरकारले अत्यधिक कडाइका साथ नियम लागू गर्यो भने प्रेस स्वतन्त्रता र नागरिक अभिव्यक्तिमाथि अंकुश लाग्न सक्छ। भन्दै विभिन्न संघ संस्था र पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ समेतले विधेयकका विरोध गरि सकेका छन्। विधेयकले सामाजिक सञ्जालमा फैलिने गलत सूचना, अफवाह, र दुष्प्रचार नियन्त्रण गर्न विधेयकले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। तथापि, नियमनको नाममा स्वतन्त्र पत्रकारिता दबाउने खतरा पनि रहेको छ। नियमनपछि अनलाइन ठगी, हैकिङ, डाटा चोरीजस्ता साइबर अपराधलाई नियन्त्रण गर्न सजिलो हुन सक्छ। तर, व्यक्तिगत गोपनीयता उल्लंघन हुने सम्भावना पनि रहन्छ।

सामाजिक सञ्जाल नियमन आवश्यक भए पनि यसको सन्तुलित कार्यान्वयन हुन जरुरी छ। गलत सूचना, घृणायुक्त सामग्री, र साइबर अपराध रोक्ने पक्षमा विधेयक उपयोगी हुन सक्छ, तर यसलाई नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताको हनन गर्ने उपकरणका रूपमा प्रयोग गरियो भने लोकतन्त्र कमजोर हुन सक्छ। त्यसैले, नियमन गर्दा पारदर्शिता, प्रेस स्वतन्त्रता, र जनमतको सम्मान आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाागि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# हरियो वन कसरी बन्ने नेपालको धन

**प्रा.डा. राजेशकुमार राई र विशाल भारद्वाज**

वनलाई विभिन्न उद्देश्यको लागि व्यवस्थापन गर्ने कार्य वैदिककालदेखि नै हुँदै आएको देखिन्छ। जसमा वनलाई महावन, तपोवन र श्रीवन भनेर क्रमशः संरक्षण, धार्मिक र वन पैदावार उत्पादनको उद्देश्यले वर्गीकरण गरिएको थियो।

यसले के देखाउँछ भने वन केवल रूखहरूको समूह होइन; यो एक जीवित प्रणाली हो, जसले पृथ्वीमा सन्तुलन कायम गर्छ। वनले स्वच्छ हावा, पानी र औषधिजन्य सामग्री मात्र होइन, वन्यजन्तुको वासस्थान र मानव जीवनको आधार प्रदान गर्छ। नेपाल जस्तो कृषिप्रधान देशका लागि वन झन् महत्वपूर्ण छ। वनले हाम्रो जीवनयापनको आधार जस्तै खोला, खेतीपाती र मौसमीय चक्रलाई प्रत्यक्ष प्रभाव पारेको छ।

नेपालको कुल वन क्षेत्र ४५.३१ प्रतिशत (६६ लाख हेक्टर) जसमध्ये १० लाख हेक्टर संरक्षित क्षेत्रभित्र (करिब ८ लाख हेक्टर कोर क्षेत्र र २ लाख हेक्टर मध्यवर्ती क्षेत्रमा) र ५६ लाख संरक्षित क्षेत्र बाहिर छ। संरक्षित क्षेत्रहरू वन्यजन्तुको वासस्थान तथा जैविक विविधता संरक्षणका लागि व्यवस्थापन गरिएका छन् भने संरक्षित क्षेत्र बाहिरका वन क्षेत्रहरू उत्पादनका लागि हुन्। वनले दिने सेवा र वस्तुहरूको सन्तुलन कायम गर्न संरक्षित र उत्पादनमूलक क्षेत्र भनेर वनलाई विभाजन गरेको देखिन्छ।

सामाजिक, आर्थिक अवस्था सँगै आएको तीव्र परिवर्तनसँगै परम्परागत जीविकोपार्जनमा परिवर्तन आएको छ। वनको महत्व सांस्कृतिक र जीविकोपार्जनसँगै आर्थिक र उत्पादन सँग पनि जोड्न थालिएको छ। वनले दिने सेवाका आयाम जस्तै कार्बन शोषण र वातावरणीय सेवाहरू थपिने क्रम जारी छ।

यस परिवर्तित अवस्थामा वनको आर्थिक लाभको उच्चता प्राप्ति महत्वपूर्ण छ। वनबाट प्राप्त वस्तु र सेवाहरूको परिधि स्थानीय र राष्ट्रियस्तरमा मात्र नभएर विश्वव्यापी छ। मानिसको अत्यधिक चाप र प्रभुत्व भएको यस एन्थ्रोपोसिन युगमा विभिन्न पूर्वाधार विकासका आयोजनाको लागि वन क्षेत्रको माग भइरहेको छ। बदलिंदो परिस्थितिमा वन क्षेत्रको अहम् प्रश्न भनेको यसको आर्थिक र उत्पादनको औचित्य समेत पुष्टि गर्नु हो। हरियो वन नेपालको धनको सार्थकताको पुष्टि नगरेसम्म वन क्षेत्रको सम्वर्द्धन चुनौतीपूर्ण देखिएको छ।

**उत्पादनमूलक वनको व्यवस्थापन**

वन क्षेत्रबाट आम्दानीको लागि संरक्षित क्षेत्र र संरक्षित क्षेत्र बाहिरको वन क्षेत्रलाई भिन्न ढंगले हेर्नुपर्दछ। वैदिककालको श्रीवन झैं संरक्षित क्षेत्र बाहिरको वनलाई वन पैदावार उत्पादनको लागि व्यवस्थापन गर्नुपर्दछ। उत्पादनको लागि वन व्यवस्थापन गर्दा वयस्क रूखहरू हटाइन्छ, जसले नयाँ बिरुवा पुनरुत्पादनको लागि स्थान सिर्जना गर्दछ। पुनरुत्पादित बिरुवाहरू हुर्काएर फेरि वयस्क बनाई काटिन्छ। यो चक्रीय प्रणालीलाई वन सम्वर्द्धन प्रणाली भनिन्छ, जसबाट वन पैदावारको आपूर्ति सतत रूपमा गरिन्छ। लामो समयसम्म वन विनाशको चपेटामा परेको नेपाली समाज दशकौंको वन संरक्षण अभ्यासमा अभ्यस्त रहेको हुँदा वयस्क रूखको कटानी भनेको वन विनाश नै हो कि भन्ने कुरामा सशंकित छ। यही वन व्यवस्थापनको अभावमा नेपाली बजारमा वर्षेनि अर्बौं रुपैयाँको काठ आयात गरिरहेका छौं।

नेपाल सरकारले २०७६ सालमा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि खारेज गरेपछि वन व्यवस्थापनले अनेक व्यवधान व्यहोरिरहेको छ। वनलाई स्रोतको रूपमा नहेरी संरक्षणमुखी अवधारणा हावी हुँदा वर्षेनि अर्बौंको काठ कुहिएर जाने र व्यवस्थापनको अभावमा वनभित्रै सुकेका काठपात हुँदा आगलागीका घटनाहरू पनि बढिरहेका छन्। हालको अवस्थामा उत्पादन मूलक वन क्षेत्रको २५ प्रतिशत वन क्षेत्र मात्र व्यवस्थापन गरिए पनि वार्षिक करिब ९ करोड क्यू.फि. काठ उत्पादन हुने देखिन्छ। जसबाट करीब ४० अर्ब रुपैयाँ बराबरको राजस्व र १० अर्ब रुपैयाँ बराबरको कटान मुछानको रोजगारी सिर्जना हुने देखिन्छ। यसमा स:मिल र फर्निचरबाट प्राप्त हुने कर र सिर्जना हुने रोजगारीको लेखाजोखा गरिएको छैन। उदाहरणको लागि सन् २०१९/२० मा कर्णाली प्रदेशको जडीबुटी मात्र १ खर्ब ६० अर्ब बराबरको आर्थिक उपार्जन भएको देखिन्छ।

**संरक्षित क्षेत्रमा प्रवेश शुल्क**

सन् २०२२ मा ६ लाख १४ हजार ८६९ पर्यटकहरूले नेपाल भ्रमण गरे। उनीहरूको औसत बसाइ १३.१ रात थियो। यस हिसाबले नेपालमा उक्त वर्ष पर्यटकहरूको जम्मा बसाइ ८० लाख रात थियो। दैनिक १० डलरका दरले दिगो विकास शुल्क लगाउँदा पनि वार्षिक ८ करोड डलर (१० अर्ब रुपैयाँ) अतिरिक्त आम्दानी हुने देखिन्छ

संरक्षित क्षेत्रहरूले आर्थिक प्रतिफल दिन नसकेकोले यसको स्वरुप परिवर्तन गरी आर्थिक उपार्जनमा लैजानुपर्छ भन्ने मनसायले लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०८१ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ पनि संशोधन भित्र समेटिएको छ। नेपाल सरकारले संरक्षित क्षेत्रभित्र अतिसंवेदनशील क्षेत्र तोक्ने र सो क्षेत्र बाहिर भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान आएको छ।

यसले देखिने आर्थिक उत्पादन विना अब वन क्षेत्रको संरक्षण चुनौतीपूर्ण छ भन्ने देखिन्छ। हाम्रा संरक्षित क्षेत्रहरूले पर्याप्त राजस्व आर्जन गर्न किन सकेनन् भनेर नकेलाएसम्म संरक्षणको प्रभावकारी रणनीति सम्भव देखिन्न।

विद्यमान संरक्षित क्षेत्रहरू पर्यटकहरूको प्रमुख आकर्षण हुन्। नेपाल आउने करिब ६० प्रतिशत पर्यटकले संरक्षित क्षेत्रको भ्रमण गर्ने आकलन गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रतिवेदन अनुसार आ.व. २०७९/८० मा ९३ हजार २५२ पर्यटकले संरक्षित क्षेत्र भ्रमण गरेको देखिन्छ। जसमा एक तिहाइ (३५,३७२) विदेशी पर्यटक थिए। जसबाट रु.७५ करोड राजस्व संकलन भएको देखिन्छ। सांस्कृतिक, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सन् २०२२ मा पर्यटन क्षेत्रको आम्दानी ३२ करोड डलर रहेको छ। यसबाट संरक्षित क्षेत्रहरू पर्यटन प्रवर्द्धनको मुख्य आधार हुन् भन्नेमा दुईमत नहोला।

संरक्षित क्षेत्रहरूले आशातित आम्दानी गर्न नसक्नुमा बजार अनुसार प्रवेश शुल्क परिमार्जन गर्न नसक्नु एक मुख्य कारण रहेको देखिन्छ। अनुसन्धानहरूमा विश्वास नहुँदा सरकारले वर्षेनि करोडौं रुपैयाँ प्रवेश शुल्कको रूपमा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# जाडोमा देखिने प्रमुख स्वास्थ्य समस्या र बच्ने उपाय

यो जाडोको मौषम हो । केही वर्गलाई जाडोले खासै असर नगरे पनि धेरैका लागि यो अप्रिय हुन सक्छ । वरिपरिको चिसो वातावरणका कारण शरिरमा ह्वात्तै तातो घट्छ र चिसो महशुस हुन्छ । शरिरलाई नयाँ मौसममा एडजस्ट हुन पनि गाह्रो हुन्छ, जसका कारण विभिन्न रोगको जोखिम बढ्छ । वातावरणमा आएको परिवतर्न लाई विभिन्न रोगले पनि संकेत गरेको पाइन्छ । ख्याल नपुऱ्या उँदा धेरै मानिस चिसोको शिकार हुने गरेका छन् ।

जाडो मौसममा हुने रोगहरु

मौसमी फ्लू : तापक्रमको गिरावटपछि यसको प्रत्यक्ष अशर हाम्रो शरिरमा हुन्छ । चिसोमा शरिरको ताप घट्दा शरिरमा चिसो महशुस हुन्छ । वाह्य वातावरण चिसो हुने भएकाले शरिरमा जतिबेला पनि जाँडो अनुभूति हुन्छ र रुघाको जोखिम बढ्छ । कुनै एक व्यक्तिको श्वासप्रश्वास, खोकी हाच्छ्यु र सामान्य बोलीचालीबाट पनि मौसमी फ्लू सर्छ । संक्रमित व्यक्तिको मुख, नाक र आँखाबाट मौसमी फ्लू सर्छ ।

बचने उपाय : शरिरले तापक्रम एडजस्ट गर्न नसक्ने भएकाले जाडोमा अत्याधिक चिसो वा तातोमा स्थानमा नबस्न बिज्ञहरु बताउँछन् । एसीमा बसेर बाहिर निस्किदा शरिरले बाहिरको चिसो मौसमसँग एडजस्ट गर्न नसक्ने भएकोले धेरै तापक्रममा नबस्न बिज्ञहरु सुझाव दिन्छन् ।

खोकी : धुलो, सुख्खा र चिसो हावाका कारण जाडोमा खोकीको जोखिम हुने गर्छ । यदि पिनासको समस्या छ भने धुलोबाट बच्नुपर्छ ।

बच्ने उपाय : खोकीबाट बच्न खानेकुरामा विशेष बिचार पुऱ्याउनुपर्छ । नियमित तातोपानी खानुपर्छ । शरिरमा चिसो र तातोको सन्तुलन मिलाउनुपर्छ। तातोपानी, चिया अथवा कफी खाएर चिसो पानी वा अन्य ड्रिंक्स खानुहुन्न । बाहिर निस्किदा जहिले पनि मास्क लगाउनु पर्छ ।

फुस्रो छाला: चिसो मौसममा अधिकांश मानिस को छाला फुस्रो हुन्छ । पर्याप्त पानी नखाँदा छाला फुस्रो हुने ओठ फुट्ने गर्छ ।

बच्ने उपाय : फुस्रो छालाबाट बच्न हरेक रात सुत्नुअघि कोकोनट र आलमोन्डको तेल लगाउनु पर्छ । तेलीय खानेकुरा खानुहुँदैन । प्रशस्त पानी पिउनु पर्छ ।

टाउको दुख्ने : चिसोका कारण कतिपय मानिसमा टाउको दुख्ने, वाकवाकी लाग्ने समस्या आउन सक्छ ।

बच्ने उपाय: उनीको टोपी, मफलर लगायतका न्याना लुगा लगाउनुपर्छ । रोग निम्तिनुमा खानपिन पनि जिम्मेवार हुने भएकोले नियमित पोषिलो खानेकुरा खानुपर्छ । चिसोकै कारण बारम्बार टाउको दुखेमा दैनिक मनतातो अदुवा पानी पिउनुपर्छ ।

जाडोको सामना कसरी गर्ने?

हरेक पटक मौसम परिवर्तन हुन्छ। तर, परिर्वर्तित मौसममा बानी पर्न हामीलाई केही समय लाग्छ । परिर्वर्तित मौसममा एडजस्टमेन्ट हुने बेलामा शरिरको रोग प्रतिरोधात्मक क्षमता पनि न्युन हुन्छ र शरिर विभिन्न भाइरस र ब्याक्टेरियाले शरिरमा आक्रमण गर्ने दाउमा हुन्छन् । बिचार नपुऱ्याएमा तत्कालै बिरामी हुन पुगिन्छ । बाह्य तापक्रममा भएको परिवर्तनले चिसोसँगसम्बन्धी विभिन्न रोग लाग्छ ।

रोग प्रतिरोधात्मक क्षमता बढाउने

कमजोर रोग प्रतिरा-धात्मक क्षमताका कारण जाडोसँग सम्बन्धित विभिन्न रोगले आक्रमण गर्छ । प्रतिरोधात्मक क्षमता बलियो भएमा चिसोजन्य रोगको संक्रमणबाट मात्र बचाउँदैन अन्य गम्भीर रोग निम्तिनबाट पनि बच्न सकिन्छ । राम्रो र स्वस्थ खानेकुरा खाएर प्रतिरोधात्मक क्षमता बृद्धि गर्न सकिन्छ । सन्तुलित खानाले मानिसलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ । जाडोमा पर्याप्त आराम गर्दा र बेला-बेला घाम ताप्दा राम्रो हुन्छ ।

अनुहारको छाला जोगाउने

चिसो र सुख्खा मौसमले छालालाई सुख्खा बनाउँछ । सुख्खा छाला फुट्ने गर्छ। तसर्थ जाडोको समयमा प्रशस्त पानी पिउनुपर्छ र मोश्चराइजर क्रिम लगाउनुपर्छ । एभोकाडो, जैतुन र नरिवलको तेलले छालालाई शितल र मुलायम बनाउँछ ।

पर्याप्त पोषण

प्रशस्त पोषणले पनि तपाईंको स्वास्थ्य र छालाको स्याहार गर्छ। भिटामिन सीले प्रतिरोधात्मक क्षमता सशक्त बनाउँछ । भिटामिन सीले रुघाखोकीबाट पनि बचाउँछ ।

परिवर्तनका लागि तयार

मौसम परिवर्तनका लागि शरिरलाई तयारी अवस्थामा राख्नुपर्छ । बदलिदो मौसमसँग जुध्न प्रशस्त लत्ताकपडा र खानेकुराको पूर्व व्यबस्था गर्नुहोस । कुन केला कुन खानेकुरा खाने र कुन कपडा लगाउने विषयमा ज्ञान नहुदा धेरै मानिस चिसोको शिकार हुन्छन् । रातको समयमा विशेष ध्यान दिनुहोस। एयर कन्डिसन र अन्य तापसम्बन्धी उपकरण राम्रो अवस्थामा छन वा छैनन भन्ने बारे ध्यान दिनुपर्छ ।

जाडो मौसममा देखिने अन्य समस्या

१ ह्दयघात : हामीमध्ये अधिकांशलाई यो थाहा नहुन सक्छ, जाडोमा धेरै मानिसलाई ह्यदघात हुने गर्छ । तापक्रममा आएको गिरावटले रक्तनली साँघुरिने र मुटुमा रगत पम्प गर्न गाह्रो हुने हुन्छ । यही जोखिमका कारण विज्ञहरुले मोटा र बृद्धबृद्धालाई जाडो मौसममा मर्निङ वाक गर्न सुझाब दिँदैनन् ।

२ दम बढ्छ : जाडो मौसममा बढी हुने समस्यामध्ये दम पनि एक हो । चिसो र सुख्खा हावाले श्वासनलीलाई साँघुरो पारी श्वास फेर्न कठिनाई उत्पन्न गर्छ । तसर्थ जाडो भयो भनेर घरमा अनावश्यक आगो वा धुवाँ नबाल्नुहोस् ।

३ जोर्नी दुख्छ: जाडोमा जोर्नी दुख्नुको कुनै वैज्ञानिक प्रमाण भेटिएको छैन। तर, अधिकांश मानिस यस समस्याबाट जाडोमा पीडित हुने गर्छन् । जोर्नी दुख्ने समस्याबाट बच्न पैतलालाई न्यानो बनाउनुपर्छ । एउटा बाक्लो लुगा लगाउन भन्दा पातला दुई वा सो भन्दा बढी कपडा लगाउनु उपयुक्त मानिन्छ । यसले जोर्नीलाई चिसो हुनबाट बचाउछ ।

स्रोत: स्काइमिटवेदर डट कमबाट

## कटहरीको प्रजातन्त्र माध्यमिक विद्यालय प्रथम



विराटनगर । कटहरी गाउँपालिकामा भएको अन्तर विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रजातन्त्र माध्यमिक विद्यालय कटहरी-६ ले प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

कटहरी-६ सरस्वती आधारभूत विद्यालय केसोरीया फिल्डमा कटहरी पालिककाको सहयोगमा शिक्षा शाखाले आयोजना गरेको अन्तर विद्यालय स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा दोस्रो स्थान जनता माध्यामिक विद्यालय कटहरी-७ हासिल गरेको छ भने लक्ष्मी आधारभूत विद्यालय कटहरी-७ तेस्रो स्थान हासिल गरेका छन् ।

प्रतियोगितामा सफल भएको विद्यालय तथा विद्यार्थीहरुलाई कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले शिल्ड कप लगायत प्रमाण-पत्र र मेडल प्रदान गरेका छन् । उहाँले प्रमाण-पत्र र मेडल प्रदान गर्नु हुँदै खेल क्षेत्रको विकास गर्नका लागि पालिकाले सहयोग गर्ने प्रतिवद्धता जनाउँदै युवाहरु लाई राष्ट्रिय, अन्तृराष्ट्रिय खेलाडी बनाउन पालिकाले गर्नुपर्न सहयोगमा कुनै पनि कमी हुन नदिने अध्यक्ष चोधरीले वताए ।

प्रतियोगितामा कटहरी गाउँपालिका भरिका ११ बटा सामुदायिक विद्यालय र ३ बटा निजी विद्यालय गरी १४ बटा विद्यालयहरुको सहभागिता रहेको शिक्षा शाखाका प्रमुख दोर्ण प्रसाद पोखरेलले जानकारी गराए ।

प्रतियोगितामा भलिवल, कब्डी, दौड प्रतियोगिता र ज्याबलिङ, लङ जम्प, रिले खेल लगायतका खेलहरु प्रतिस्पर्धा भएको थियो

## गाँजा र प्रतिवन्धित औषधी सहित तीन पक्राउ

सुनसरी । सुनसरीको २ छुट्टा छुट्टै स्थानहरुबाट लागुऔषध गाँजा र प्रतिवन्धितऔषधी सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सुनसरीको देवानगंज गाउँपालिका-३ का ४० बर्षीय अर्बिन कुमार यादवको घरमा लागुऔषध गाँजा लुकाई छिपाई राखेको छ भन्ने बिशेष सुचनाको आधारमा मंगलवार कोशी प्रदेश प्रहरी कार्यालय प्रादेशिक अनुसन्धान समुह ( रिट) र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले यादवको घर कम्पाउण्ड खानतलाशी गर्दा खाल्टो खनेर ड्रम भित्र प्लाष्टिकमा प्याक गरेर र घर भित्र जेब्रा झोलामा लुकाई छिपाई राखेको गाँजा बरामद गरेका थिए ।

बरामद गरको ३९ किलो २९० ग्राम गाँजा संगै यादवको ३५ बर्षीया श्रीमती सोनि कुमारी यादवलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी अस्थायी प्रहरी चौकी श्याम चौक सुनसरीबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका -१५ शुसन टोलका १८ बर्षीय उषण भुजेलको घरको कोठा भित्र झोलामा लुकाई छिपाई राखेको प्रतिबन्धित औषधी स्पासपेन-२ हजार ८० चक्की सहित नियन्त्रणमा लिएको थियो ।

लागुऔषध गाँजा र औषधी सहित पक्राउ परेका सबैजनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको छ ।




ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# सूचनाको हकको नाममा अत्याधिक खुल्ला छोड्दा सूचनाको दुरूपयोग

विराटनगर । सूचनाको हकको नाममा अत्याधिक खुल्ला छोड्दा सूचनाको दुरुपयोग गर्ने क्रम बढेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनु भएको छ ।



विराटनगरमा राष्ट्रिय सूचना आयोगले आयोजना गरेको कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले सूचनाको हकलाई ठिक ढंगले सदुपयोग गर्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो,- 'हामी कहाँ अलि बढी खुलापन हुँदा यसको दुरुपयोग पनि बढेको जस्तो देखिन्छ ।' संविधानले सूचनाको हक ग्यारेन्टी गरेपनि त्यसलाई सही ढंगले परिचालन गर्न तर्फ लाग्नुपर्ने उहाँले औंल्याउनु भयो ।

आफूलाई अनुकूल हुने मात्र सूचना दिने प्रवृत्तिको अन्त्य गर्दै समाजलाई सुशिक्षित हुने खालको सूचनाहरू सम्प्रेषण हुनुपर्ने उहाँले बताउनु भयो । सूचनाको हकले पारदर्शिता र जवाफदेहिता बढ्ने भएकाले यसतर्फ ध्यान दिँदै यसलाई राम्ररी प्रयोग गरेर अघि बढ्नुपर्ने मुख्यमन्त्री कार्कीले बताउनु भयो । निश्चित व्यक्तिले होइन आम समुदायले सूचनाको सदुपयोग गर्नुपर्ने गरी अघि बढ्नका लागि उहाँले सुझाव दिनु भयो ।

कार्यक्रममा सूचना आयोगका प्रमुख आयुक्त सुरेश आचार्यले स्वच्छ रुपमा काम गर्नेहरूले डराउनु नपर्ने बताउनुभयो । उहाँले भन्नुभयो,- 'यदि तपाईं हामीले पारदर्शी ढंगले काम गर्यौं भने सूचना लिने पनि र दिने पनि डराउनु पर्दैन ।' उहाँले आयोगले अब अनावश्यक सूचना माग्नेसँग पनि छलफल गर्ने र उनीहरूलाई सतर्क गराउने तर्फ लाग्ने जानकारी दिनुभयो ।

गलत नियत राखेर कसैले पनि सूचना माग्न नहुने र सूचना दिनेले पनि सूचना अपडेट भएर बस्नुपर्ने बताउँदै उहाँले भन्नुभयो,- 'कर्मचारीहरुले पनि सबै सूचना अपडेट गर्नुपर्छ ।' सूचना दिन पन्छिने भन्दा पनि पुराना सूचनाहरूलाई अपडेट गर्दै जाँदा झन्झट नहुने उहाँले बताउनु भयो । त्यसैगरी आयुक्त गगन बिष्टले सूचना ज्ञान र शक्तिको स्रोत भएकाले यसलाई सदुपयोग गर्नुपर्ने बताउनुभयो । उहाँले कार्यपत्र प्रस्तुत गर्दै सूचनाका विविध आयामका बारेमा प्रकाश पार्नुभएको थियो ।

कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले सूचना लिने र दिनेका बीच नियत राखेर काम गरेमा समस्या उत्पन्न हुने चर्चा गर्दै एकअर्काले सूचना आदान प्रदान गरेमा सहज हुने बताउनुभयो । उहाँले अहिलेको प्रमुख समस्या सूचना अभिलेखीकरण भएको बताउनुभयो । कार्यक्रममा आयोगका सचिव कमल भट्टराईलगायतले धारणा राख्नु भएको थियो । राष्ट्रिय सूचना आयोगले प्रदेशमा रहेका कार्यालय प्रमुख, सूचना अधिकारीहरुसँग आज छलफल कार्यक्रम गरेको थियो ।

# अधिकार कुण्ठित गर्ने विधेयक प्रति आपत्ति

विराटनगर । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारले राष्ट्रिय सभामा दर्ता गरेको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन सम्बन्धी विधेयक संविधानको व्यवस्था, भावना र मर्म विपरीत रहेको जनाएको छ ।

शाखाका सचिव रमेश कुमार बोहोराले मंगलबार साँझ विज्ञप्ति जारी गरी विधेयकमा गरिएका व्यवस्थाले नागरिको सुसूचित हुने संवैधानिक हक खोसिने र लोकतन्त्रको दायरा साँघुरो हुने जनाइएको छ ।

सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा प्रेस स्वतन्त्रताको दायरा साँघुरो बनाउने सरकारको नियत रहेको स्पष्टै देखिएको छ । विधेयकमा तथ्य र प्रमाण सहित प्रकाशित समाचार सामाजिक सञ्जालमा साझा गरेमा फौजदारी अभियोग लगाइने प्रावधान राखिएको छ ।

काठमाडौं शाखाले यस्तो प्रावधानको घोर बिरोध गर्दै तथ्य र प्रमाणका आधारमा समाचार प्रकाशन तथा प्रसारण गरेर सामाजिक सञ्जालमा पोष्ट गरेको अवस्थामा सञ्चारकर्मी र सञ्चारमाध्यमलाई पनि फौजदारी कसुर आकर्षित हुने व्यवस्था गरिएकोमा आपत्ति जनाएको छ ।

# कर्मचारी संगठनको १३ औं अधिविशन सम्पन्न

विराटनगर । नेपाल निजामती कर्मचारी संगठन मोरङको १३ औं अधिवेशन नेपाल निजामति कर्मचारी संगठनका केन्द्रीयउप-महासचिव रामचन्द्र अधिकारीको प्रमुख अतिथ्यमा भव्यताका साथ सम्पन्न भएको छ ।

तेह्रौ अधिवेशनबाट शालिकग्राम कोइराला अध्यक्षमा निर्वाचित भएका छन । यस अगाडी कोइराला नेपाल निजामती संगठनका कार्य वाहक अध्यक्ष समेत रहेका थिए ।

समितीको उपाध्यक्षमा नरहरी निरौला, महिला उपाध्यक्षमा सुनिता निरौला, सचिव सुरेश कुमार ढुङगेल, सह-सचिवमा ममता कोइराला, कोषाध्यक्षमा पुरुषोतम पौडेल, सदस्यहरुमा अनिल दाहाल, विप्लव चौलागाईं, रेवतीराम रोक्का, ववितता राई, शिवशंकर मेहता, हरि सुवेदी, प्राणनाथ दाहाल, मनोज ढकाल, खुमा अधिकारी, चन्द्रकला सापकोटा, सुनिता पौडेल, अनिल गिरी, कृष्ण प्रसाद भट्टराई निर्वाचित भएका छन् ।

साथै लेखा आयोग संयोजकमा चन्द्रमणी लुईटेल एवम लेखा सदस्यमा तिर्थ गुरागाईं, श्याम तिम्सिना रहेका छन । केन्द्रिय प्रतिनिधीमा रमेश खतिवडा, मोहनलाल मेहता, यामनाथ बराल, राजु पोखरेल, मुना दाहाल , रोहित पौडेल र प्रदेश प्रतिनिधिमा हरि प्रसाद सुवेदी, जानकी प्रसाद अधिकारी, सरण कुमार गजमेर, सुधिरा न्यौपाने, नन्दकिशोर काफले, पशुपति घिमिरे, चुडामणी रिजाल, भानु गुरागाईं, लुकनाथ पोखरेल, हेमसागर पोखरेल, जय प्रसाद काफले निर्वाचित भएका छन ।

नेपाल कर्मचारी संगठनका निवर्तमान महासचिव जिवन काफले, नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष बावुराम कार्की लगायतका विशिष्ट अतिथिहरूको सहभागीता रहेको थियो ।

# दोस्रो एशियन सुटिंगबल च्याम्पियनसिप इटहरीमा सुरू

इटहरी, माघ १९ गते । सुनसरीको इटहरीमा दोस्रो 'एसीयन सुटिङ्गबल च्याम्पियनसिप २०२५' भव्य रूपमा सुरु भएको छ ।




'एसीयन सुटिङ्गबल च्याम्पियनसिप २०२५' कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारी समुद्घाटन गर्दै भने अन्तर्राष्ट्रिय प्रतियोगिता कोशी प्रदेशमा आयोजना गर्न पाउनु गौरवको विषय भएको बताए ।

मन्त्री भण्डारीका अनुसार, यस्ता खेलकुद गतिविधिहरूले प्रदेशको खेल क्षेत्रको विकास मात्र नभई देशबीचको सम्बन्धलाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्नेछन् । मन्त्री भण्डारीले प्रदेश सरकारले आउँदो वर्षको बजेटमा सुटिङबल खेललाई समेट्ने प्रतिबद्धता जनाएका छन । जसले नेपालमा सुटिङबलको विकासलाई थप प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ ।

सरकारले प्रदेशस्तरमा खेलकुद संरचनाहरू विकास गर्न, खेलाडीहरूको क्षमता अभिवृद्धि गर्न तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजनाका लागि बजेटको व्यवस्था गर्न आवश्यक पहल गर्ने मन्त्री भण्डारीले बताए । अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्नु प्रदेश सरकारका लागि गर्वको विषय भएको भन्दै उनले यसको निरन्तरताको पक्षमा आफूहरू प्रतिबद्ध रहेको बताएका छन ।

प्रतियोगितामा नेपाल सहित भारत बंगलादेश र पाकिस्तानको उत्कृष्ठ खेलाडीहरुको सहभागीता रहेका छन् । नेपालबाट पुरुष र महिलाको छुट्टाछुट्टै टिममा ४५ जना खेलाडी सहभागी हुने छ भने भारतबाट ६२, बांगलादेशबाट १२, र पाकिस्तानबाट १४ जना खेलाडी रहेका छन् ।

अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको उल्लेखनीय प्रदर्शनले गर्दा देशभर यसको आकर्षण बढ्दो छ । यसपटक नेपालका खेलाडीहरूले आफ्नो प्रतिभा प्रस्तुत गर्दै उत्कृष्ट नतिजा निकाल्ने लक्ष्य राखेका छन् ।

कार्यक्रममा एसीयन सुटिङबल फेडरेसनका महासचिव रविन्द्रसिंह तमोर प्रतियोगिताको महत्वबारे प्रकाश पार्दै भने देशहरू बीचको मित्रता सुदृढ गर्न यस्ता खेलकुद कार्यक्रम प्रभावकारी हुने बताए । अन्तर्राष्ट्रिय प्रतियोगिताहरूले खेलाडीहरूलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्ने अवसर दिने मात्र नभई, देशहरूबीचको आपसी सम्बन्धलाई अझ मजबुत बनाउने भूमिका खेल्ने तमोरले बताए ।

गत वर्ष भारतको नयाँ दिल्लीमा सम्पन्न सुटिङबल वर्ल्ड च्याम्पियनसिपमा नेपालले उल्लेखनीय प्रदर्शन गरेको थियो । महिला र पुरुष दुवै टिमले तेस्रो स्थान हासिल गरेका थिए । उक्त प्रतियोगितामा कुल ११ देशको सहभागिता रहेको थियो ।

नेपालले यसपटकको प्रतियोगितामा आफ्नो प्रदर्शनलाई अझ सुधार गर्दै पदक तालिकामा अग्रस्थान हासिल गर्ने लक्ष्य राखेको छ । दोस्रो एसीयन सुटिङबल च्याम्पियनसिप २०२५ ले नेपालमा सुटिङबल खेलको प्रवर्द्धनमा ठुलो भूमिका खेल्नेछ । चार देशका खेलाडीहरूबीचको प्रतिस्पर्धा र खेल भावना यस प्रतियोगिताको मुख्य आकर्षण रहने छ । यस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताहरूले नेपाललाई खेल पर्यटनको केन्द्र बनाउने दिशामा योगदान पुर्‍याउने आशा गरिएको छ ।

उक्त कार्यक्रमको उद्घाटन सत्र एसीयन सुटिङबल फेडरेसनका उपाध्यक्ष केशव विष्टको अध्यक्षतामा सम्पन्न भएको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# सुनसरी शान्ति वनमा वर्कसप अन स्पेस साइन्स एण्ड रोवोटिक्स तालिम

विराटनगर । वर्कसप अन स्पेस साइन्स एण्ड रोवोटिक्स सम्वन्धी तीन दिने तालिम कोशी प्रदेशका मुख्य मन्त्री हिक्मत कुमार कार्कीले समुद्घाटन गरेका छन् ।

एभरेष्ट साइन्स सेन्टर नेपाल शान्ति वन सुनसरीले आयोजना गरेको तालिमलाई समुद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले भने वर्कसप अन स्पेस साइन्स एण्ड रोवोटिकस तालिमले विद्यार्थी भाइबहिनीको क्षमतामा विकास हुने वताउँदै निजी लगानीमा बनेको सेन्टरलाई सरकारले केही गर्न नसकिन भएकोले पब्लिक पार्टनर सिपको अवधारणमा गई नेपाल कै उत्कृष्ठ सन्टर बनाउन चाहना रहको वताएका थिए ।



एभरेष्ट साइन्स सेन्टर नेपाल शान्ति वन सुनसरीका निर्देशक दिलिप कुमार अधिकारीले लेखेको पुस्तक मेकिङ्ग साइन्स आइसरको मुख्यमन्त्री कार्की लगायतले विमोचन समेत गरका थिए ।

विराटनगर नजिकै रहको बर्जु गाउँपालिकाका चाहेजति विकास नभएपनि बाटोघाटो, बिजुली बत्तीमा केही विकास भएको छ । अझ गर्नु पर्ने ठूला विकासहरु योजना बैकमा सुचीकृत गर्न गाउँपालिका अध्यक्ष रायलाई आग्रह गरेको छ । अब विराटनगरको विकास गरिदैन विराटनगर बाहेकका क्षेत्रमा न्यु विराटनगर शहर वनाउने अवधारणमा अगाडी बढ्ने वताएका थिए ।

त्यसैगरी बर्ज गाउँपालिका का अध्यक्ष जिवछ कुमार रायले विराटनगरले बर्जु गाउँपालिका लाई विकासको नाममा सौताको व्यवहार गरेको भन्दै बर्जु गाउँपालिका को बर्जु ताल र एभरेष्ट साइन्स सेन्टर नेपाल शान्ति वन बर्जुको गहना भएकोले यसको सम्वर्द्धण र प्रवर्धनमा प्रदेश सरकारलाई ध्यान दिन आग्रह गरेका थिए ।

तीन दिनसम्म सञ्चालन हुने तालिममा विज्ञान, प्रविधि, अन्तरिक्ष अनुसन्धान र रोबोटिक्ससम्बन्धी विभिन्न कार्यशाला, प्रदर्शनी तथा प्रशिक्षण कार्यक्रमहरू समावेश गरिएका छन् । आयोजक एभरेष्ट साइन्स सेन्टर नेपाल निर्देशक अधिकारीका अनुसार मेचीदेखि महाकाली सम्मका विद्यार्थी, शिक्षक, अनुसन्धान कर्ता तथा प्रविधिमा रुचि राख्नेहरू सहभागी भएका थिए ।

कार्यक्रममा विज्ञान तथा प्रविधिको महत्त्व, नेपालमा अन्तरिक्ष तथा रोबोटिक्स अनुसन्धानको सम्भावना, नवीनतम आविष्कार र प्रविधिको प्रयोगबारे जानकारी प्रदान गरिने छ । साथै, सहभागीहरूलाई प्रयोगात्मक प्रशिक्षण तथा रोबोट निर्माणसम्बन्धी व्यावहारिक ज्ञान दिइने आयोजकले वताएका थिए ।

# विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान

विराटनगर । कोशी प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषदको बैठकले प्रदेश तथा स्थानीय तहबीच समन्वय तथा विवाद समाधान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ ।

कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीका अनुसार यो विधेयक प्रदेश सभाबाट पास भएपछि स्थानीय तह र प्रदेश सरकार बीच र स्थानीय तहहरु बीचको विभिन्न खाले विवादहरु समाधान गर्न सहज हुने छ ।

सीमा, क्षेत्राधिकार लगायतका विवादहरु समाधान गर्ने गरी यो विधेयक सरकारले तयार गर्ने उहाँले जानकारी गराए । मन्त्री भण्डारीले भन्नुभयो- 'यो विधेयकले धेरै खाले जटिलताहरु समाधान हुनेछन् र यसबाट यसबाट सीमा विवाद र कुनै पनि पालिकामा रहेका सिटी रिक्साहरू अर्को पालिकामा जान नदिने जस्ता समस्याहरु पनि समाधान हुनेछन् ।'

त्यस्तै गरी मन्त्रिपरिषद् बैठकले विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्वीकृत गरेको छ । यसैगरी भारतमा माघ २८ देखि फागुन ९ गतेसम्म सञ्चालन हुने ट्रेनिङ प्रोग्राम फर जुरिकल अफिसियर्स फर्म अफिस अफ द अथोरिटी जेनेरलका रुपमा जानका लागि मुख्य न्यायाधिवक्ता नारायण वस्तीलाई स्वीकृति प्रदान गरेको छ ।

# कोशी प्रदेश खेलकुद विकास बोर्डद्वारा खेलाडीहरूलाई विदाई

विराटनगर । कोशी प्रदेश खेलकुद विकास बोर्डले जनवरी २८ देखि ३० सम्म सिक्किमको गान्तोकमा हुने प्रथम सिक्किम खुला अन्तर्राष्ट्रिय कराते च्याम्पियन शिप २०२५ मा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा टिम व्यवस्थापकको बिदाई गरेको छ ।

विराटनगर स्थित बोर्डको कार्यालयमा च्याम्पियन शिपमा सहभागी हुने न्य खेलाडी तथा प्रशिक्षक तथा व्यवस्थापकको बिदाई गरेको थियो ।

खेलाडी तथा प्रशिक्षकलाई बिदाई गर्दै बोर्डका सदस्य सचिव कृष्ण बस्नेत (पर्शुराम) ले अन्तर्राष्ट्रिय प्रतियोगिताको सहभागिताले खेलाडीमा आत्मविश्वास बढाउने हुँदा सहभागिता महत्वपूर्ण हुने बताउनु भएको थियो । बस्नेतले बोर्डको तर्फ बिदाई गर्दै अघिल्लो आर्थिक वर्ष कोशी प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेलाडीलाई नगद सहित सम्मान गरेको बताउँदै बोर्डले खेलाडीहरुको क्षमता वृद्धि तथा प्रोत्साहन गर्न कुनै कसर बाँकी नराख्ने धारणा व्यक्त गर्नु भएको थियो ।

टोलीका प्रशिक्षक प्रभाकर रानाले प्रतियोगिताको सहभागी हुने खेलाडीमा कोशी प्रदेशका सम्पूर्ण जिल्लाका खेलाडीहरुको सहभागिता रहेको बताउनु भएको छ । टोलीका खेलाडीहरुले विभिन्न उमेर समूहका स्पर्धाहरुमा प्रतिष्पर्धा गर्ने रानाले जानकारी दिएको थियो ।

## हरियो...

गुमाइरहेको देखिन्छ । सन् २००८ मा 'इकोलोजिक इकोनोमिक्स' मा प्रकाशित लेख अनुसार अन्नपूर्ण संरक्षण क्षेत्रमा प्रति पर्यटक प्रवेश शुल्क रु.२००० अर्थात् २७ डलर बराबर थियो । तर पर्यटकहरू ६९.२ डलरसम्म तिर्न चाहन्थे । उक्त अध्ययनले प्रवेश शुल्क ५० अमेरिकी डलर पु¥याउन सिफारिस गरेको छ । पछि विदेशी पर्यटकहरूलाई प्रवेश शुल्क रु.३००० (२२ अमेरिकी डलर) तोक्यो । जुन, सन् २००८ को भन्दा ५ डलर कम हो । आ.व. २०७९/८० मा अन्नपूर्ण संरक्षण क्षेत्रमा ८२ हजार ७०५ विदेशी र ८९ हजार २८० सार्कका पर्यटकहरूले भ्रमण गरेका थिए ।

यसबाट के देखिन्छ भने विदेशी पर्यटकहरूलाई नेपाल भ्रमण गर्न वर्षेनि सस्तो परिरहेको छ, किनकि नेपाली रुपैयाँमा न्यूनतम प्रवेश शुल्क लगाइएको छ र हरेक वर्ष डलर महँगीरहेको छ । यसको कारण संरक्षित क्षेत्रहरूको आम्दानी पनि न्यून भएको छ । यसलाई नेपाल टुरिजम स्टाटिस्टिक्स २०२२ ले पनि पुष्टि गर्दछ । जस अनुसार सन् २०२१ मा प्रति पर्यटक दैनिक खर्च ४८ डलर र २०२२ मा ४०.५ डलर थियो । यसकारण विद्यमान अनुसन्धान को नतिजाको आधारमा संरक्षित क्षेत्रहरूको प्रवेश शुल्क विदेशी पर्यटकलाई डलरमा तोक्नुपर्ने देखिन्छ ।

**दिगो विकास शुल्क**

पर्यटकहरूको आगमन सँगसँगै पर्यटकीयस्थलमा प्राकृतिक स्रोतहरू माथि चाप पनि बढ्छ । फोहोर उत्पादन, पर्यटन पूर्वाधारको निर्माणबाट हुने वन्यजन्तुको वासस्थान टुक्रिने जस्ता नकारात्मक प्रभाव पनि पर्दछन् । तर पर्यटकहरूले आफ्नो व्यक्तिगत क्रियाकलापहरू (खाना, बस्न, यातायात) मा मात्र खर्च गरिरहेका हुन्छन् । उनीहरूले यहाँको स्रोत उपयोग गरेबापत दिगो विकासको लागि योगदान गर्न जरूरी देखिन्छ । किनकि वातावरणीय समस्याहरू विश्वव्यापी हुन् र यसको प्रभावबाट कोही अछुतो रहन सक्दैन । यसकारण हरेक पर्यटकबाट दिगो विकास शुल्क लिन जरूरी देखिन्छ ।

भुटानले भुटान भ्रमण गर्ने प्रत्येक पर्यटकसँग भिसा शुल्क अतिरिक्त प्रति व्यक्ति प्रति रात १०० डलर दिगो विकास शुल्क अग्रिम रूपमा तिर्न पर्दछ । सन् २०२३ मा भुटान भ्रमण गर्ने पर्यटकहरूको संख्या १ लाख ३ हजार थियो । भुटानमा पर्यटकको औसत बसाइ ६ रात रहेको छ । संख्या भन्दा खर्चालु पर्यटकलाई प्राथमिकता दिएको भुटानले दिगो विकास शुल्कको माध्यमबाट दिगो पर्यटनको अवधारणालाई अगाडि बढाई ५० प्रतिशत भन्दा बढी भूभाग संरक्षित क्षेत्र सञ्जाल अन्तर्गत संरक्षण गर्न सफल भएको छ । यसले उत्तरदायी पर्यटक भित्र्याई प्रति पर्यटक उच्च आम्दानी गरी गुणस्तरीय पर्यटकीय पूर्वाधारलाई सहयोग पु¥याउनका साथै प्राकृतिक स्रोतको अवस्था र पर्यटकीय पूर्वाधारको आधारमा पर्यटकको संख्यालाई नियमन गर्दछ ।

सन् २०२२ मा ६ लाख १४ हजार ८६९ पर्यटक हरूले नेपाल भ्रमण गरे । उनीहरूको औसत बसाइ १३.१ रात थियो । यस हिसाबले नेपालमा उक्त वर्ष पर्यटकहरूको जम्मा बसाइ ८० लाख रात थियो । दैनिक १० डलरका दरले दिगो विकास शुल्क लगाउँदा पनि वार्षिक ८ करोड डलर (१० अर्ब रुपैयाँ) अतिरिक्त आम्दानी हुने देखिन्छ ।

अन्त्यमा; वन क्षेत्रले आर्थिक लाभ दिन नसकेका होइनन्, हामीले लाभ लिन नसकेको देखिन्छ । उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापनमा प्रतिबन्ध र वैज्ञानिक अध्ययन विना संरक्षित क्षेत्रको शुल्क निर्धारण गर्दा सार्वजनिक खर्चको तुलनामा आम्दानी नभएको हो । हालको वन क्षेत्र व्यवस्थापनले सीमित समूहको निजी लाभ मात्र वृद्धि हुने अवस्था देखिन्छ । वैज्ञानिक उचित मात्रामा संरक्षित क्षेत्रमा प्रवेश शुल्क र दिगो विकास शुल्क निर्धारण गर्न सके संरक्षित क्षेत्रहरूले स्वरुप परिवर्तन नगरी जैविक विविधता संरक्षणको साथसाथै आर्थिक रूपमा पनि योगदान दिन सक्ने देखिन्छ ।

(प्रा.डा. राई त्रिवि वन विज्ञान विभागका प्राध्यापक र भारद्वाज क्यालगरी विश्व विद्यालयका अनुसन्धाता हुन् ।)


खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु
- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



